# मिति २०७८।०८।२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १ :-**यस उप-महानगरपालिकालाई नेपाल अर्बुद रोग निवारण संस्था बाँके बाट प्राप्त परीयोजना प्रस्तावना बमोजिम नेपाल अर्बुद रोग निवारण संस्था भित्र fencing and hume pipe fitting work का लागि पेश भएको लागत अनुमान रकम रु ११२०००।- (अक्षेरुपी एक लाख बाह्र हजार मात्र) नगरकार्यपालिकाको निर्णयबाट हुने खर्च शिर्षकबाट भुक्तानी/निकासा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-**नेपाल सरकार सघिंय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सं.२०७८।०७९, मिति २०७८।०८।२१ च.न. १६० को पत्रमार्फत स्थानीय तहहरुले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराँदा विधिवत दर्ता भएका संख्याहरुबाट मात्र गराउन निर्देशन दिएकोमा यस वर्ष प्राप्त उपभोक्ता समितिहरु गठन भै कार्य अन्तिम चरणका पुगेकोले, चालु आ.व.मा अन्य योजनाहरु समेत साविक बमोजिम नै गर्ने तथा उक्त परिपत्र अव्यवहारीक भएकोले सुधार गर्नको लागि सघिंय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यलय,बुटवल सर्म्पक कार्यालय, नेपालगंजको पत्र स. संघिय ८४।२०७७।०७८ च.न७५७ मिति २०७७।१०।११ को पत्रानुसार प्राप्त निर्देशन बमोजिम लागत सहभागितालाई श्रम सहभागिता को रुपमा कुल लागत अनुमानको ५ प्रतिशत कायम गरी योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**: नेपाल विद्युत प्राधिकरणबाट प्राप्त पत्रानुसार सडक विद्युत महसुलको विषयमा नगरपालिकाको क्षेत्र भित्ररहेका पोलहरुको दररेट निर्धारणगरी कायमहुन आउने राजश्व रकम लाई नगरपालिकाको आयमा कायमगरी नेपाल विद्युत प्राधिकरणबाट प्राप्त विद्युत महसुल भुक्तानीका लागिसमेत आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**: नेपालगंज उप-महानगरपालिकाभित्र संचालनमा रहेका स्वास्थ्य संस्था (अस्पताल, पोलिक्लिनीक, क्लिनीक ,ल्याब तथा प्याथोलोजी डेन्टल, आयुर्वेद,आँखा अस्पताल लगायत स्वास्थ्य संस्था) हरुलाई संचालनका लागि स्वास्थ्य संस्था स्थापना तथा संचालन निर्देशिका २०७६ दफा २ अनुसार तपसिल बमोजिमको अनुगमन समिति निर्माण गर्नु पर्ने भएकोले सोही अनुसार निर्माणगरि यथाशिघ्र कार्यव्यायन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | – | संयोजक |
| ईन्जिनियर, योजना शाखा | – | सदस्य |
| पब्लिक हेल्थ नर्स । सि.अ.न.मि. अधिकृत | – | सदस्य |
| नगरपालिकाबाट मनोनित बिज्ञ | – | सदस्य |
| विषयगत विशेषज्ञ (ल्याव,रेडियोग्राफर,डेन्टल आदी) | – | सदस्य |
| फोकल पर्सन कार्यक्रम हेर्ने | – | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | – | सदस्य सचिव |

# मिति २०७८|०८|२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं ६:** नेपालगंज उप-महानगरपालिका वडा नं १२ कोरियनपूर स्थित कुलोमा रहेको कलभर्ट मा यस उपमहानगरपालिकाको स्काभेटर क्रस गर्दा भत्किन गई सो स्थानको स्थानीय बासिन्दाहरुलाई आवतजावत गर्न असहज भएकोले ४ (चार) मी. चौडाईको कल्भर्ट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:** यस नेपालगंज उप-महानगरपालिकालाई महानगरपालिका बनाउने उदेश्यका साथ यस उप-महानगरपालिका र GRID INDUCO UPDCN JV ललितपर, नेपाल बीच मिति २०७७।०९।१५ गते Feasibility study for developmat of nepalgunj sub- metropolitin to metroplitan city and preparation of integrated urban development plan (IUDP) कार्यका लागि सम्झौता भएको र उक्त कार्यको लागि २०७७ कार्तिक १५ सम्म म्याद रहेकोमा विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ का कारण वडास्तरीय मिटिङहरु सम्पन्न गर्न नसकेको कारण उक्त DPR तयारी गर्न कार्य ढिलो भएको भनी उक्त फर्मले २०७८।०६।१७ मा म्याद थपको लागि निवेदन पेश गरे बमोजिम उक्त DPR तयारी कार्यका लागि उक्त सम्झौता अवधि २०७९ जेष्ठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** नेपालगंज उप-महानगरपालिका १८ न.वडा कार्यालयको च.न १३०५ मिति २०७८।०७।३० को पत्र बमोजिम संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई मधेश समृद्धी कार्यक्रम अन्तरगत नेपालगंज उप-महानगरपालिका वडा न.१८ मा विद्यालय भवन निर्माण माग भई रु ३५,००,०००।- अक्षेरुपी पैतिस लाख बजेट स्वीकृत भई वडा न.१८ मा रहेको श्री मा.वि. लग्दहवा अगाडी व्यवसायीक सटर भवन निर्माण गरिने र बचत रकमबाट वडा न. १८ मा रहेको श्री पाटेश्वरी प्रा. वि. भुजई गाँउ तथा ने.रा. प्रा. वि. को वरिपरि पर्खाल लगाउने भनी योजना कार्यान्वयन सम्बन्धमा सिफारिस भई आए बमोजिम निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** नेपालगंज उप-महानगरपालिका,नगर कार्यपालिकाको मिति २०७८।०७।०९ गतेको निर्णय न२० बमोजिम ठेक्का नं. NCMC/NCB/W04/2077/078 फुल्टेक्रातालमा माटो पटान,गेट तथा Boundry Wall निर्माण कार्यको हालसम्म भएको कार्यको प्राविधिक मुल्याङकन रकम रु. २४,७७,०२५।५१ भएको र सो कार्यको प्रथम रनिङ विल बाट रकम रु.९,७१,०६६।१५ भुक्तानी भैसकेको हदाँ बाकी रहन आउने रकम रु.१५,०५,९५९।३६ अक्षेररुपी पन्ध्र लाख पाँच हजार नौ सय उनान्साठी रुपैया छत्तिस पैसा मात्र भुक्तानी गरी सार्वजनिक सुविस्ताका आधारमा ठेक्का रद्ध गर्ने र सम्मानीय अदालतको आदेश बमोजिम हुनेगरी पुन ठेक्का प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं १०** नेपाल पर्यटन बोर्ड काठमाण्डौको मिति २०७८।०७।२६ गतेको च.न.४ प.सं. : वी. २०७८-०७९/१७ को पत्र बमोजिम Nepalgunj Western Travel Mart, Nepal नेपालगंजमा आयोजना र संचालनका लागि यस कार्यालयलाई प्राप्त TOR बमोजिम यस कार्यालयबाट विनियोजित बजेट रु ५ लाख र नेपाल पर्यटन बोर्डबाट विनियोजित ३० लाख गरी जम्मा ३५ लाखको लागतअनुमान सहित पठाई दुवैपक्ष विच २०७८।०८।१४ गते सम्झौता भए अनुसार मार्टलाई प्रभावकारी ढंगले सँचालन गर्न पर्यटन सम्बद्ध छाता संस्थाहरु तथा पर्यटन व्यवसायीहरुको सहकार्य र सहभागितामा संचालन तथा व्यवस्थापन समिति गठन गरी सो समितिबाट कार्यान्वयन गर्नका लागि सो समिति बाट भुक्तानीका लागि यस कार्यालयमा खर्चको विल, भर्पाई, प्रतिवेदन, खरिद प्रकृयाका आवश्यक कागजात पेश गरे बमोजिम भुक्तानी गर्ने र पर्यटन बोर्डबाट निकासा नभईसकेको रकमको हकमा माग भई प्राप्त भएपछि मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

# मिति २०७८।०८।२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं ११ :** यस नेपालगंज उप-महानगरपालिकाको सहकारी ऐन २०७४ अनुसार दर्ताहुने विभिन्न सहकारीहरुको सहकारी दर्ता शुल्क निम्नानुसार तोक्ने निर्णय गरीयो ।

**बचत तथा सहकारी संस्थाहरु :**

१. ५ करोड सम्मको सेयरपुंजी भएकोमा रु ४०००।- (चार हजार)
२. ५ करोड भन्दा माथी सेयरपुंजी भएकोमा रु ७०००।- (सात हजार)
३. अन्य सबै प्रकारका सहकारहरु रु २०००।-(दुई हजार)

**निर्णय नं १२ :** स्थानीय तह स्वमुल्याङ्कन कार्यविधि, २०७७ अनुसार स्थानीय तहको स्वमूल्यांकन कार्ययोजना अनुसार सम्बन्धित विषयक्षेत्रका शाखा प्रमुखहरुको उपस्थिति तयार पारिएको आ.व. २०७७।०७८को स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा छलफलकालागि कार्यपालिका बैठकमा पेश भए बमोजिमको आ.व. २०७७।०७८ को प्रारम्भिक नतिजा ४७ प्रतिशत सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १३** नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल्स एजेन्टसको प.स. २०७८।०७९ च.न. ०८ मिति २०७८।०७।२५ गतेको पत्रानुसार **"व्यवसायदेखि व्यववसायसम्म पर्यटन प्रवर्द्धन परियोजना"** कार्यक्रम संचालनकोलागि यस नगरपालिकाबाट सम्झौताभए बमोजिम रु.१,४०,०००।- ( अक्षेरुपी एक लाख चालिस हजार) मात्र भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१४** नेपालगन्ज उप–महानगरपालिकाको क्षेत्रबाट निकासी हुने कवाडीहरुको करको ठेक्का हालसम्म बन्दोवस्त गर्न नसकिएकोले वार्षिक रु.१२ लाख न्यूनतम कबोल अंक रहने गरि तथा वार्षिक १० प्रतिशतले ठेक्का रकम वृद्धि हुने गरि २ वर्षको लागि १५ दिने ठेक्का सूचना प्रकाशन गर्ने राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निणय नं.१५ :** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रभित्र विभिन्न विज्ञापन सामाग्रीहरु लगाए बापत विज्ञापनकर उठाउने प्रयोजनको लागि यस अघि विभिन्न समयमा ठेक्का सूचना प्रकाशन गर्दा कसैको पनि निवेदन नपरेकोले पुनःवार्षिक रु.१० लाख न्यूनतम कबोल अंक रहने तथा वार्षिक १० प्रतिशतले ठेक्का रकम वृद्धि हुने गरि ३ वर्षको लागि १५ दिने ठेक्का सूचना प्रकाशन गर्ने राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.१३ स्थित मासु मण्डीको प्रति टहरा मासिक भाडा रु.३०० रहेकोले उक्त भाडा रकम हालको मूल्यमा धेरै कम भएकोले उक्त क्षेत्रमा रहेको १० वटा टहराहरुको मिति २०७८ साल पौष १ गतेदेखि लागु हुने गरि मासिक भाडा रु.१,००० गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.१० गोसाई गाउँमा रहेको ९ वटा सटरको फरक/फरक ब्यक्ति/संस्थाले लिन चाहेमा प्रति सटर मासिक रु.२ हजार र सभाहलको मासिक रु.५ हजार न्यूनतम कबोल अंक रहने तथा एकै ब्यक्ति/संस्थाले सबै ९ वटा सटर र सभाहल एकमुष्ठ लिन चाहेमा मासिक रु.२० हजार न्यूनतम कबोल अंक रहने गरि १५ दिने ठेक्का सूचना प्रकाशन गर्ने राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

# मिति २०७८।०८।२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१८:** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.१७ परसपुरमा रहेको ६ वटा सटरको फरक/फरक व्यक्ति/संस्थाले लिन चाहेमा प्रति सटर मासिक रु.१२००।०० न्यूनतम कबोल अंक रहने तथा एकै व्यक्ति/संस्थाले एकमुष्ठ ६ वटै सटरहरु लिन चाहेमा मासिक रु.५०००।०० (पांच हजार) न्यूनतम कबोल अंक रहने गरि ठेक्का सूचना प्रकाशन गर्ने राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** नेपालगन्ज उप–महानगरपालिकाको स्वामित्वमा रहेको बागेश्वरी फुटपाथहरुको मासिक भाडा हाल रु.२ हजार देखि रु.२५००।–सम्म रहेको उक्त सबै फुटपाथहरुको २०७८ पौष १ गतेदेखि लागु हुने गरि मासिक रु.४०००।–कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.४ बसपार्क क्षेत्रमा रहेको खाली रहेका सटरहरु ब्यापार बढि हुन सक्ने र ब्यापार कम हुन सक्ने अवस्था हेरी न्यूनतम कवोल रु.५ हजार देखि अधिकतम रु.१२ हजार कायम हुनेगरि सटर भाडाको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रभित्र भारतिय नागरिकहरुले ब्यवसाय सञ्चालन गर्न चाहेमा सम्बन्धित राजदुतावासको कागजात पेश गरेमा ब्यवसायको प्रकृति हेरी निजले तिर्नुपर्ने वार्षिक ब्यवसायकरको ५ वर्षले हुन आउने रकम नेपालगन्ज उप–महानगरपालिकाको धरौटी खातामा जम्मा गर्न लगाई ब्यवसाय दर्ता गरिदिने निर्णय गरियो ।

**निर्णय नं.२२** नेपालगन्ज उप–महानगरपालिका वडा न. ४ स्थित सल्यानी बङ्गलामा रहेका सटर र गोदामहरुको प्रति सटर र गोदामको मिति २०७८।०९।०१ देखि लागु हुने गरी भाडा रकम रु ५०००।- कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३** नेपालगन्ज उप–महानगरपालिका वडा न. ४ स्थित बसपार्कमा रहेको पुराना सटरहरुको मासिक भाडा रकम रु. ५०००।- (अक्षेरुपी पाँच हजार) भन्दा कम भएका सटरहरुको मासिक भाडा मिति २०७८।०९।०१ देखि लागु हुने गरी भाडा रकम रु ५०००।- (अक्षेरुपी पाँच हजार) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४** नेपालगन्ज उप–महानगरपालिका अर्न्तगत सहरी प्रर्वद्धन केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आधारभुत स्वास्थ्य केन्द्रहरु संचालनका लागि स्वास्थ्यकर्मीहरु र अन्य कर्मचारीहरु करारमा नियुक्त गरी संचालन गरी आईरहेकोमा यस आ.व. २०७८।०७९मा सो संचालन कार्यका लागि केन्द्र देखि बजेट प्राप्त नभएकोले साविकमा नगरपालिकाको आन्तरिक श्रोतबाटै तलब भत्ता पाईरहेकाहरुको हकमा साबिक सम्झौता बमोजिम नै बिनियोजित रकमबाट साबिक अनुसार नै कामकाजमा लगाउने र गत आ.व. ०७७।०७८ मा केन्द्रको शशर्त अनुदानबाट ब्ययभार भएका उक्त बांकी स्वास्थ्यकर्मीहरु तथा सहयोगी कर्मचारीहरुको तलब भत्ता बजेटको लागि केन्द्रमा पहल गर्ने र उक्त रकम प्राप्त नभएमा ब्यवस्थापनको लागि स्वास्थ्य क्षेत्रबाट राजश्वमा उल्लेखनीय बृद्धी गर्ने तथा अन्य क्षेत्रबाट बजेट ब्यवस्थापन गरि स्वास्थ्य संस्थाहरु नियमित रुपमा अत्यावश्यक स्वास्थ्य सेवा संचालन गरि सेवा प्रदानका लागि ब्यवस्थापन गर्ने निर्णय गरियो ।

# मिति २०७८।०८।२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.२५** नेपालगन्ज उप–महानगरपालिका अद्यावधिक योजना निर्माणका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगंजसंग सम्झौता गरि कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२६** : नेपालगन्ज उप–महानगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्नका लागि तपसिल बमोजिमका श्रोतहरुबाट खर्च व्यवस्थापन गर्ने निर्णय साथै तथा संघिय विषेश अनुदान अर्न्तगत प्राप्त शैक्षिक गुण्स्तर प्रवर्द्धन कार्यक्रमबाट तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

| क.स. | कार्यकमको नाम | रकम रु. | श्रोत |
|---|---|---|---|
| १ | साक्षरता कार्यक्रम | २,४३,०००।- | आन्तरीक श्रोत |
| २ | वैकल्पिक शिक्षा कार्यक्रम | २,००,०००।- | आन्तरीक श्रोत |
| ३ | शैक्षिक पहुंच सुनिश्चितता अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ३,००,०००।- | सघिंय सर्सत |
| ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ५,००,०००।- | विभागमा माग गरिएको |
| ५ | साक्षरता कार्यक्रम | ७,००,०००।- | संघीय विषेश अनुदान |

सघिंय सरकारको विषेश अनूदान अर्न्तगत प्राप्त शैक्षिक गुणस्तर प्रर्वद्धन कार्यकमको बजेट विभाजन

| क.सं | कार्यक्रम विवरण | उद्देश्य | बजेट |
|---|---|---|---|
| १ | साक्षरता कार्यक्रम | अभिभावकलाई चेतना जगाइ विद्यार्थी नियमित गराउने | ७००,०००।०० |
| २ | वालमैत्री कक्षाकोठा व्यवस्थापन | विद्यार्थीको बसाइ व्यवस्थित गरि शिक्षण क्रियाकलापमा सूधार ल्याउने | ५००,०००।०० |
| ३ | लक्ष्यित वर्गका वालवालिकालाइ शैक्षिक सामग्री वितरण | लक्ष्यित वर्गका वालवालिकालाइ शिक्षण सिकाइमा सहयोग गर्ने | ५००,०००।०० |
| ४ | विद्यालयमा शिक्षक इ हाजिरी जडान | शिक्षकको हाजिरी व्यवस्थित गर्ने | ५००,०००।०० |
| ५ | विद्यार्थि Traking Software निर्माण र व्यवस्थापन | विद्यार्थीको नियमितता सूधार ल्याउने | ५००,०००।०० |
| ६ | माध्यामिक विद्यालयअरुमा रंगरोगन | विद्यालयलाइ सफा र आकर्षक बनाउने | ५००,०००।०० |
| ७ | आधारभुत विद्यालयअरुमा रंग रोगन | विद्यालयलाइ सफा र आकर्षक बनाउने | ५००,०००।०० |
| ८ | वालविकास केन्द्रमा सामग्री वितरण | वालवालिकाकृ विकासमा सहयोग गर्ने | ५००,०००।०० |
| ९ | आधारभुत विद्यालयमा ल्यापटप वितरण | विद्यालयमा सुचना प्रविधीबाट सिकाइ गर्न | ५००,०००।०० |
| १० | प्रारम्भिक कक्षा (कक्षा १ देखि ३) शिक्षकहरुसंग विद्यार्थीको सि.उ. बारेमा समिक्षा | प्रारम्भिक' कक्षामा पढाइ सिपको विकास गर्न | ३००,०००।०० |
| ११ | विद्यालयहरुलाइ शिक्षण सामग्री वितरण | शिक्षण सिकाइमा सूधार गर्न | ५००,०००।०० |
| १२ | विद्यालयहरुलाई खेलकूद सामाग्री वितरण | खेलकूदतर्फ आकर्षित गर्न | ५००,०००।०० |
| १३ | अतिरिक्त कृयाकलाप संञ्चालन गर्ने | | २००,०००।०० |
| | कूल जम्मा बजेट रु. | | ६२,०००००।०० |

# मिति २०७८।०८।२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. २७:** नेपालगन्ज उप–महानगरपालिकाका नवौ नगर सभाबाट विनियोजित स्विकृत कार्यक्रम मालपोत कार्यालय र नापी कार्यालयको सुदृढीकरणका लागि ५ लाख रुपैया विनियोजन भएकोमा मालपोत कार्यालयको माग बमोजिम मालपोत कार्यालयलाई ३ लाख रुपैया निकासा र नापी कार्यालयलाई २ लाख बराबरको मेशीनरी औजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२८ :** नेपालगन्ज उप–महानगरपालिकाका बाकी १२ वटा वडाहरुलाई बाल विवाहमुक्त वडाकारुपमा घोषणा गर्ने कार्यका लागि सर्वेक्षण गर्न रु.१,५०,०००।- (अक्षेरुपी एकलाख पचास हजार) मात्र विनियोजन गरी स्याक नेपाल बाँकेसंग सम्झौता गरी कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२९ :** वादी नेपाल सरकार प्रतिवादी नेपालगन्ज उप–महानगरपालिका नगर प्रहरी निरीक्षक श्री सूर्य बहादुर बोगटी समेत भएको गौवध मुद्धामा भए गरेको नगर प्रहरी निरीक्षक श्री सुर्य ब. बोगटीले माग गर्नु भएको रु.५५,८४०।०० (अक्षेरुपी पचपन्न हजार आठ सय चालीस)मात्र को पेश भएको विल भर्पाई अनुसारको रकम भुक्तानी दिने साथै कानुन परामर्श केन्द्र बाट अधिवक्ता श्री भोला सिहं हमाल ले दिनुभएको निवेदन बमोजिम रु ५०,०००।- (अक्षेरुपी रु पचास हजार मात्र), सुर्खेत ल फर्म एण्ड लिगत कन्सल्टेन्सी बाट अधिवक्ता उत्तमप्रसाद आचार्यले दिनुभएको निवेदन बमोजिम रु १,५०,०००।-( अक्षेरुपी रु एक लाख पचास हजार मात्र) र अबउपरान्त मुद्धाको प्रकृति,जटिल विषय,मुद्धा चाप र महत्व समेत मध्येनजर गरी उप-महानगरपालिकाका कानुनी सल्लाहकारका अतिरिक्त नेपालगंज उप-महानगरपालिककाका प्रवक्ता श्री प्रमोद रिजाल, कानुन शाखा र कानुनी सल्लाहकार समेतको राय सल्लाह एवं बोर्डको निर्णय बमोजिम मात्र भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.३० :** यस नेपालगंज उपमहानगरपालिकाको वडा नं २१ स्थित पुरैना गाँउ देखि विर्ता इदगाहसम्म ए. टी. विद्युतको पोल ठाँउ सारी गर्नका लागि विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय लुम्विनी प्रदेश डिभिजन कार्यालय, नेपालगंज वितरण केन्द्र, नेपालगंज, बाँकेको प.सं. : ०७८।०७९ च.न. ६४५ मिति २०७८।०७।१३ को पत्र बमोजिम १,७१,३५५।८१ को लागत अनुमान पेश हुन आएकोले सो कार्य अगाडी बढाउन धरौंटी रकम बापत रु १,७१,३५५।८१ जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१ :** यस नेपालगंज उपमहानगरपालिका, वडा नं. १७ स्थित समाज कल्याण आश्रमको घर तथा संरचनाको निर्माण गर्दा यस उपमहानगरपालिकालाई बुझाउनुपर्ने राजश्व दस्तुर छुट दिई नक्सा पासगरिदिने निर्णय गरियो ।

**निर्णय नं.३२ :** यस नेपालगंज उपमहानगरपालिका, वडा नं. १२ स्थित कार्यालय परिसरको उत्तर तथा पूर्वपट्टि रहेका सटर कोठाहरुको २०७८ पौष १ गते देखि लागु हुने गरी तपसिल अनुसार **मासिक भाडा कायम** हुने तथा **प्रत्येक २ (दुई) वर्षमा १० (दश) प्रतिशत** भाडा बृद्धि हुने शर्त सहित ५ (पांच) वर्षका लागि नयां सम्झौता गर्ने र उक्त शर्त बमोजिम सम्झौता गर्न नआएमा सूचना प्रकाशन गरी भाडामा लगाउने निर्णय गरियो ।

**तपसिल :**

(क) उत्तरपूर्वपट्टि कर्नरमा रहेको सानो सटर (पान पसल) को रु.१५,०००/=(रु.पन्ध्र हजार मात्र) र

(ख) उक्त 'क' मा उल्लेखित सटर बाहेक अन्य सबै सटर को रु.२२,५००/=(रु.बाईस हजार पांचसय प्रति महिना मात्र) ।